कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक २४ ने. सं. ११३२ पोहेलागा दुतिया बुधवाः २०६८ पुष २७ गते बुधवार (Jan - 11, 2012) मुल्य : ५/- (न्यातका)

बन्दशत्र विहिनको भोली १७ औं नगरपरिषद्

'उदघाटन समारोहमा भने हरेक क्षेत्रका प्रतिनिधिहरूसँग सुझाव लिने'

कीर्तिपुर सन्देश /

कीर्तिपुर नगरपालिकाको इतिहासमा पहिलो पटक भोली अनौठो किसिमको नगरपरिषद् हने छ ।

कार्यकारी अधिकृत मात्र नगर परिषद्मा रहने ब्यवस्था भएको अर्थात कार्यकारी अधिकृतले नै निर्णय गर्न सक्ने भएकोले बन्द शत्र विहिनको १७ औं नगर परिषद् हुँदैछ ।

कीर्तिपुर नगरपालिकाको १७ औं नगरपरिषद्को उद्घाटन समारोहमा कीर्तिपुरका पर्यटन राज्यमन्त्री दिलिप महर्जनलाई प्रमुख अतिथिका लागि निमन्त्रणा गरिएको थाहा भएको छ ।

कीर्तिपुर नगरपालिका वडा नं. २ न्यामासिमा स्थित नेपालभाषा एकेडेमीमा भोली विहिवार हुने १७ औं नगरपरिषद्को उद्घाटन समारोहमा कीर्तिपुरमा क्रियाशिल राजनीतिक दलका प्रतिनिधि, नेवाः स्वायत्त राज्य मंकाः परिषद्का प्रतिनिधि, बुद्धिजीवी, स्कूल, कलेजका प्रतिनिधि, सामाजिक संघ संस्थाका प्रतिनिधि लगायतलाई सहभागी गराउने भएको छ ।

साथै कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. हिराबहादुर महर्जन, विश्वविद्यालय अनुदान आयोगका सदस्य प्रा. डा. शिवशरण महर्जन लागायतका विशिष्ट ब्यक्तित्वहरूलाई पनि आमन्त्रण गरिने थाहा भएको छ ।

उद्घाटन समारोहमा आएका सुझाव, निर्देशनलाई नै आधार मानेर कीर्तिपुर नगरपालिकाको नयाँ बजेट तयार गरिने नगरपालिकाका कार्यकारी अधिकृत एवं प्रमुख रामलाल श्रेष्ठले बताउनु भएको छ । उहाँले कीर्तिपुर सन्देश साप्ताहिकसँग कुरा गर्दै बताउनु भयो 'उद्घाटन समारोहमा राजनीतिक दल, मंकाः पषिद् बुद्धिजीवी, सामाजीक संघ संस्था, लगायतका व्यक्तित्वहरूले दिने सल्लाह सुझाव र निर्देशनलाई नै आधार मानेर कीर्तिपुर नगरपालिकाको नयाँ बजेट तयार हुनेछ ।

त्यसका लागि सबै क्षेत्रवाट सकारात्मक भूमिकाको लागि म आशावादी छु ।' बन्द शत्रको कुरामा उहाँले भन्नु भयो 'खासै बन्द शत्र हुँदैन ।'

यस वर्षको बजेटलाई सार्वजनिक नगरिएतापनि विशेष गरि पर्यटकीय सांस्कृतिक नगरको रुपमा विकास गर्नेतिर लच्छित हुने, शिक्षा, स्वास्थ्य र खानेपानीमा विशेष प्राथमिकता हुने साथै विगतका कार्यक्रमलाई पूर्णता दिने खालको हुने बताइएको छ । यस बर्ष लामो समयदेखि विभिन्न कारणले कीर्तिपुर नगरपालिका भित्र विभिन्न स्थानमा रञ्जना लिपि, देवनागरिक लिपि र रोमन लिपिले नेपालभाषामा स्थान विशेषको साइनबोर्ड राख्ने कामलाई पूर्णता दिने तयारी भइरहेको स्रोतले बताएको छ ।

तत्कालिन अवस्थामा नै नगर पीलिकाले निर्णय गरिसकेको र नेपाल लिपि अथवा रञ्जना लिपिमा साइनबोर्ड राख्ने व्यापारीहरूलाई करमा छुट दिने समेत निर्णय गरिसकेकोले अब कार्यान्वयमा लाने तयारी भइरहेको एक कर्मचारीले बताएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थानीय निकायमा सर्वदलिय संयन्त्रको नाममा भ्रष्टाचार भएको, अनियमितता भएको भन्दै खारेज गर्न सरकारलाई निर्देशन दिएको र वर्तमान सरकारले औपचारिक रुपमा नै सर्वदलिय संयन्त्र खारेज गरिसकेको अवस्थामा पहिलो पटक अनौठो किसिमबाट कीर्तिपुर नगरपालिकामा १७ औं नगरपरिषद् हुँदैछ भोली विहिवारवाट ।

कीर्तिपुर नगरपालिकामा राजनीतिक दलका प्रतिनिधिहरू वीच सहमति हुन नसकेका कारण लामो समयसम्म बजेट नै पास हुन नसकेको अवस्थामा अब भने सो १७ औं नगर परिषद्ले अव कीर्तिपुरवासीका लागि के कस्ता कार्यक्रमहरू ल्याउने हो त्यो भने हेर्न बाँकी नै रहेको छ । कीर्तिपुर वासीले राम्रो हुने अपेक्षा गरेका छन ।

कीर्तिपुर सन्देश भित्र

कीर्तिपुरको सामुदायीक स्कूलमा अध्ययण गर ेर पनि अन्तर्राष्ट्रिय विश्वविद्यालयमा प्रविना पेज ३

तीर्थयात्रामा गएका कीर्तिपुरवासीको केशर महर्जन स्वर्गद्वारीमा निधन पेज ६....

स्वयम्भू क्याटरिङ एण्ड टेण्ट सर्भिस
कीर्तिपुर, नयाँबजार

फूल क्याटरिङ, हाफ क्याटरिङ, शुभविवाह, ब्रतबन्ध, पिकनिक, अफिसियल पार्टी, लञ्च बक्स र जेनेटर समेत

तपाईको सन्तुष्टि हाम्रो चाहाना

स्वयम्भूरत्न बज्राचार्य
Mobile 9841302310, 4330264

Opening Soon

लोकतान्त्रिक चोक मंगल दोवाटो

9848555555

बुकिङ्ग खुल्यो

बाघ भैरव बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित कीर्तिपुर भेगमा नै सुविधा सम्पन्न दुई वटा हल सहित १५०० जना क्षमताको पार्टी प्यालेस- 'बाघ भैरब वैंक्विट' संचालित भएको सहर्ष जानकारी गर्दछौं ।

हामीकहाँ विवाह, ब्रतबन्ध, जंकु (भिमरथारोहण) आदिको पार्टी तथा भोज गर्न, विभिन्न संघ संस्थाहरूको - सभा, सम्मेलन प्रदर्शनी तथा सेमिनार, गोष्ठी गर्न बुकिङ्ग खुल्ला गरिएको छ ।

विशेषताहरू :–

खुल्ला रमणीय स्थल, यथेष्ट पार्किङ्गको व्यवस्था, सुविधा सम्पन्न दुईवटा हल, DJ हलको छुट्टै व्यवस्था भएको, जेनेरेटरको सुविधा

बाघ भैरव बैंक्विट (पार्टी प्यालेस)

नगाउँ, बालकुमारी मन्दिर सँगै

फोन नं. ४३३०२३६, ९८५१०६२३७४, ९८४१३०२२०३, ९८५१०७२०७२, ९८४१३४३५३७

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

;DkfbsLo

कीर्तिपुरमा राजनीतिक गतिविधि शुन्य हुनुको कारण ?

हरेक राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्दै आएको ऐतिहासीक नगर कीर्तिपुरमा पछिल्लो पटक खासै राजनीतिक गतिविधि भइरहेको छैन । पछिल्लो समयमा कुनै कुनै पार्टीका गतिविधि बाहेक स्थानीय राजनीतिक दलका नेताहरुले संविधान निर्माण, शान्ति प्रक्रिया, संविधानमा अधिकार लगायतका विषयमा खासै काम गरेको देखिदैन । केहि समय अघि नेवाः स्वायत्त राज्य मंकाः परिषद र नागरिक सरोकार केन्द्रले केहि गतिविधि गरेता पनि पछिल्लो समयमा आएर खासै काम भएको छैन । संविधान निर्माणको लागि संविधानसभाको म्याद सकिन लागेको, शीर्ष दलका नेताहरुवीच राज्य पुनर्संरचना, शासकीय स्वरूप र निर्वाचन प्रणली जस्तो महत्वपूर्ण विषयमा तिब्र रूपमा बहस भइरहेको अवस्था छ । एक ढंगबाट अव नेपालका राजनीतिक दलहरु यी प्रमुख विषयमा ध्रुविकरण हुने संकेत पनि आइरहेको अवस्था छ ।

विशेष गरि देशमा संविधान निर्माणको लागि राजनीतिक दलका शीर्ष नेताहरु वीच ठूलै बहस भइरहेको र हरेक जस्तो प्रमुख राजनीतिक दल भित्र नेताहरुवीच गुटबन्दी भइरहेको यस अवस्थामा कीर्तिपुरमा राजनीतिक दलका स्थानीय नेता तथा पार्टी कमिटीहरुले आ-आफ्नो गतिविधि नगर्नु र संविधान निर्माणको सवालमा समेत कीर्तिपुरमा बहस नहुनुलाई बिडम्बना नै मान्नु पर्ने अवस्था छ । राजनीतिक रूपमा अत्यन्तै सचेत भनिएका कीर्तिपुरवासीले समेत देशमा भइरहेको राजनीतिक घटनाक्रमलाई बेवास्ता गर्नु र संविधान निर्माणको क्रममा आफ्नो हक अधिकारलाई लिएर जनतालाई सचेत बनाउने काम नभइरहेको अवस्थालाई हेर्दाखेरि देशका कुनै पनि स्थानमा राजनीतिक गतिविधि शुन्य भएको हो कि भनी अनुमान गर्न सक्ने अवस्था छ । राजनीतिक गतिविधि नहुनु कतै स्थानीय कार्यकर्ताहरु नेताहरुदेखि निराश भएको त हैन भनी प्रश्न उठ्नु स्वाभाविक नै हो ।

कीर्तिपुरमा माओवादीका माइलालामाद्वारा प्रचण्ड र बाबुरामको भण्डाफोर

एकीकृत माओवादीको लाइन संघर्षको क्रममा बरिष्ठ उपाध्यक्ष मोहन बैद्य 'किरण' पक्षधर कलाकारहरूले गत पुस २० गते कीर्तिपुरमा पनि सामना राष्ट्रिय जागरण अभियान अन्तर्गत सांस्कृतिक कार्यक्रमको आयोजना गरि पार्टीका अध्यक्ष प्रचण्ड र उपाध्यक्ष एवं प्रधानमन्त्री डा. बाबुराम भट्टराईको भण्डाफोर गरे ।

सो कार्यक्रममा माओवादीका नेता माइला लामाले पार्टीका अध्यक्ष प्रचण्ड र उपाध्यक्ष भट्टराईको चर्को आलोचना गर्दै पार्टीको नेतृत्व आत्मसर्पणवादी भएको आरोप लगाएका थिए । एमाले कांग्रेस भन्दापनि आफ्ना नेताहरू भ्रष्ट भएको आरोप लगाउँदै सो कार्यक्रममा माओवादीका नेताहरूलाई अन्य दलका नेताहरूले भन्दापनि चर्को रूपमा आलोचना गरे । त्यसरी आलोचना गरिरहँदा कीर्तिपुरका माओवादी नेता तथा कार्यकर्ताहरू स्वयं सो कार्यक्रममा बस्न सकेन ।

कैयौं कार्यकर्ताहरू कार्यक्रम नै नहेरिकन घर गएको माओवादीका एक स्थानीय नेताले वताएका छन् । पाँगा दोवाटोमा भएको सो कार्यक्रममा अब एकीकृत माओवादी पार्टी कहिले पनि एकता हुनै नसक्ने शैलीमा माओवादी नेताले भाषण सहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । माओवादीको मोहन बैद्य किरण पक्षधरका कलाकार हरूले केहि समय अघिदेखि काठमाण्डौं उपत्यकाका विभिन्न स्थानमा निरन्तर रूपमा सो भण्डाफोर अभियान चलाउँदै आएका थिए ।

पाँगा बहुउद्देश्यिय सहकारीको चौथो साधारण सभा सम्पन्न

गत पुस २३ गते शनिवार पाँगा ढोकासीस्थित पाँगा बहुउद्देश्यीय सहकार ी संस्थाको चौथो साधारण सभा पाँगा चिखुको सेतो गुराँसको हलमा सम्पन्न भयो।

संस्थाको अध्यक्ष शंकर डंगोलको सभापतित्वमा सचिव सरब कुमार महर्जनले संचालन गर्नु भएको थियो । उक्त साधारणसभामा कुनै तामझाम थिएन । न त कुनै क्याटरिंगलाई खाना बनाउन ठेक्का दिएको थियो । न त पार्टी सिस्टमले नै भोज खुवाएको थियो। सहकार ीका सदस्यहरूको आपसी सहयोगमा नेवार ी परम्परा अनुसार सालको पातमा राखेर भोज खुवाइएको थियो । आफ्नो परम्परा अनुसार कम पैसा मिठो भोज खान सकिन्छ भन्ने उदाहरण दिइयो । खर्च बचाउनु पनि त आम्दानी गर्नु हो भन्ने मान्यतालाई कायम गरिएको थियो। पाँच वर्ष पहिले ४९ जना शेयरधनि सदस्यहरूबाट रु दस हजार संकलन गरी सुरु गरिएको यस सहकारीमा

हालसम्म आइपुग्दा ८३ जना शेयरधनि पुगिसकेका छन भने शेयरपुंजी पनि जनही पचास हजार पुगिसकेका छन । आगामी वर्ष १०० जना शेयरधनी बाट ५० लाख शेयर पुंजी पुऱ्याउने लक्ष्य रहेको अध्यक्षले आफ्नो प्रतिवेदनमा जनाउनु भएको छ।

यस वर्ष यस सहकारीले दैनिक वचतमा ११,६५,४५१/, मासिक बचत तर्फ १०,८१,५३०/ साधारण बचत तर्फ रु.२७,९३,५०१/ त्यस्तै मुद्दति वचत तर्फ रु.२९,८६,१८८/ यस आर्थिक वर्षदेखि सुरु गरिएको सुमंगल वचत तर्फ रु.१०,०३,००१/ संकलन गर्न सफल भएको छ । यसरी ९०,२९,६७१ रुपैया संकलन गर्न सफल भएको छ । रु.९५,२९,९९०/ कर्जा लगानी भएको छ। जुन गत वर्षभन्दा १३.१९ प्रतिशतले बढेको जानकारी दिनुभयो। यसरी गरेको कारोबारबाट आर्थिक वर्ष २०६७/०६८ मा रु.३,०३,४३९ नाफा कमाउन सफल भएको छ। यस सहकारीले चामल तथा ग्यास पनि बिक्रि गर्दै आइरहेको छ।

मृत्यूपछि के ?

रकि महर्जन

३.जीवनको समालोचना (Life Review) : यस अवस्थामा आफ्नो वितेको जीवनमा गरेका हरेक कर्म र विचारलाई अनुभव गर्न सक्छ। यसलाई एउटा शक्ति क्षेत्रको रूपमा महशुश गर्छ जसले आफ्नो र अरूको जीवनलाई प्रभाव पार्न सक्छ।

अरूको समृति, संवेग र चेतनासंग सम्बन्ध हुने भएकोले विगतमा गरेको आफ्नो विचार, बोली र व्यवहारले अरूलाई कस्तो अनुभव भयो भन्ने कुराको पनि स्वयंले अनुभव गर्न सक्छ । यस कारण यस अवस्थामा आफ्नो चेतनाको क्षेत्र अरूको चेतनाको क्षेत्रसंग अन्तर सम्बन्ध रहेको हुन्छ।

पुरा जीवनलाई सतत् रूपमा हेर्न सक्छ। राम्रो कर्म गरेको छ या नराम्रो कर्म गरेको छ भन्ने कुराको चेतना पनि हुनुको साथै कारण प्रभावबारे अर्न्तदृष्टि पनि हुन्छ। आफ्नो दृष्टिकोणबाट मात्र नभई त्यस घटनामा भएका अरूको दृष्टिकोणबाट पनि हेर्न सक्छ।

४.दिवंगत आफन्तसंग भेट (Encounter with Deceased Relatives): दिवंगत भइसकेका आफन्त र प्रियसंग अर्कै दुनियाँमा भेट हुन्छ । उनीहरूसंग विचारबाट कुराकानी हुन्छ। यसकारण NDE भएको अवस्थामा दिवंगत भइसकेका व्यक्तिहरूको चेतना क्षेत्रसंग अन्तरसम्बन्ध रहेको हुन्छ । कहिलेकाहीं नचिनेको व्यक्तिसंग पनि भेट हुन्छ।

५.शरीरमा फिर्ता (Return into the Body) प्रकाशमय अस्तित्व वा दिवंगत आफन्तले "तिम्रो समय अहिले आएको छैन" वा "तिमीले कार्य सकाउनु छ" भनेपछि पुनः आफ्नो शरीरमा फिर्ता आउँछ । तर त्यहाँको अलौकिक संसार , सुख, शान्तिलाई छोडेर चेतना पुनः फिर्ता आउनु धेरै पीडादायक हुन्छ । शरीरमा चेतना फर्कँदा फेरि रोगको पिडा र दुःख महसुस हुन्छ । आफ्नो चेतनामा भएको गहिरो ज्ञान र समझ साथसाथै Unconditional love and acceptance को पनि अनुभुति फेरि टाढा गएको महसुस हुन्छ।

६.मृत्युको भयबाट मुक्त (Disappearing of Fear of Death) : मृत्यू निकट अनुभव गर्ने प्रायः सबैले मृत्यूको भयबाट मुक्त भएको महशुश गरे । डाक्टरले मृत घोषणा गर ेपछि पनि चेतना अमर रहन्छ भन्ने तथ्य महशुस गरेकाले नै उनीहरूबाट मृत्यूको भय हराएको हो।

धेरैले यस अनुभवलाई वरदानको रूपमा लिएको पाइन्छ किनभने यसबाट उनीहरूले जीवनमा गर्नुपर्ने अधुरो काम, जीवनबाट सिक्नुपर्ने कुराहरू के के छन भन्ने कुरा थाहा पाए।

शरीर र मन अलग्ग भएको र मृत्यूपछि पनि जीवन भएको कुरामा पनि विश्वस्त भए । NDE अनुभव गर्ने ९५ प्रतिशत व्यक्तिहरूको जीवन गुणात्मक रूपमा सुधार भएको र ८० प्रतिशत मानिसहरू अध्यात्मिक भएको पाइएको छ।

समाप्त

References :

1. Blackmore, S. (1993), Dying to live: near-death experiences London, Grafton,

2.Chander,J. (1988), Science and spirituality, India: Brahma kumari World Spiritual University.

3. Lommel, P.V. (2010) About the continuity of our consciousness. Retrived on 12 December 2010 from www.nderf.org.

4.Moody, R.A. (1975). Life after life. USA: Mockingbird Books.

5.Ring, K. (1980). Life at death. A scienctific investigation of the near-death experience. New York: Coward McCann add Geoghenan.

6.Ritchie G.G. Return from tommorrow. Grand Rapids, Michigan: Choden Books of The Zondervan Corp., 1978.

7.Yogananda, P. (2 0 0 6) . Autobiobliography of yogi. India: Yogananda Satsanga Society of India.

8. Weiss, B. (2004) Same soul, many bodies. USA : Freepress.

9. www.iands.org

कीर्तिपुरको सामुदायीक स्कूलमा अध्ययन गरेर पनि अन्तर्राष्ट्रिय विश्वविद्यालयमा प्रविना

आजभन्दा २२ वर्ष पहिले भक्तपुरको मध्यपुर ठिमीमा बाबु पंचकुमार मकै र आमा केशरी मकैको जेठी छोरीको रूपमा जन्मेकी प्रविना मकै आमाबुबासँग सानै उमेर देखि कीर्तिपुरको वडा नं.१७ मा बसोबास गर्दै आइरहेकी छिन । गोरखनाथ मा.वि.बाट एस.एल.सी पास गर्नुभएकी प्रविनाले जनसेवा उच्च मा.वि.पाँगाबाट शिक्षा संकायमा कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउन सफल भएकी थिइन । कक्षा २ देखि १२ सम्म प्रथम भइ पूर्ण छात्रवृतिमा अध्ययन गरेकी प्रविना अहिले बंगलादेशको Asian university for women (AUW) मा पनि पूर्ण छात्रवृत्तिमा स्नातक गर्दैछिन । कीर्तिपुरको नगरमण्डप श्रीकीर्ति विहारमा ७ वर्षसम्म परियत्ति शिक्षा अध्ययन गरेकी प्रविना विभिन्न अतिरिक्त क्रियाकलापमा पनि सहभागी हुन्थिइन । पढाइमा अत्यन्त लगाव भएकी उनी परियति शिक्षामा २०६४ मा बोर्ड प्रथम भएकी थिइन । उनले बाघ भैरव स्कूलमा ६ महिना अध्यापन र अन्य थुप्रै संस्थामा इन्टर्नशीप गरेको अनुभव पनि छ । उनीसित अनलाइनमा लिएको केही कुराकानी यहाँ प्रस्तुत गरिएको छ । (सं.)

.- तपाई बंगलादेशको Asian University for Women मा कसरी पुग्नु भयो ?

कक्षा १२ को नतिजा प्रकाशित भएको दिन जनसेवा उ.मा.वि व्यवस्थापन समितिका अध्यक्ष माधव लाल महर्जनले मलाई उच्च शिक्षाको लागि दुईवटा सुझाव दिनुभयो। एउटा कुनै राम्रो कलेजमा अंग्रेजी विषय लिएर स्नातक गर्ने र अर्को थियो बंगलादेशको एसियन युनिभर्सिटि फर वुमेन (AUW) मा भर्नाको तयारी । त्यसबेला मसँग पनि AUW को बारेमा प्रयाप्त जानकारी थिएन ।

त्यसैले मैले चक्रवर्ती कलेजमा अंग्रेजी विषयमा स्नातक तहमा भर्ना हुनको लागि तयारी गरें । दुर्भाग्यवश नेपालमा उक्त कलेजको कार्यक्रम त्यस वर्ष रद्द भयो । त्यसपछि PAHAL संस्था मार्फत AUW को बारेमा प्रयाप्त जानकारी गरी छात्रवृत्तिको लागि फारम भरें। मेरो आर्थिक अवस्थाको आधारमा म पहिलो चरणमै छानिएँ। त्यसपछि प्रवेश परीक्षा र अन्तर वार्ताको लागि टोफेल र आधारभूत गणितीय शीपहरू सिक्ने तयारीमा जुटें। मेरो अंग्रेजी भाषामा त्यति राम्रो दखल नभएको कारणले AUW मा भर्ना हुने अवसरप्रति ढुक्क थिइन। यसक्रममा मलाई माधव सर र नानी मिसले धेरै सहयोग गर्नुभयो । धेरै मिहेनतका साथ तयार गरेर प्रवेश परीक्षा दिएँ तर तिन महिनासम्म पनि रिजल्टको बारेमा केही सुचना नआउँदा छनोट हुने कुनै छाँटकाँट देखिन। त्यसकारण मैले काठमाडौं मोडेल कलेजमा Social work मा स्नातक कोर्स शुरु गरें ।

मे को मध्यतिर PAHAL मार्फत म पूर्ण छात्रवृत्तिको लागि छनोट भएको कुरा सुन्दा अत्यन्त खुशी भएँ। जम्मा ४ जनाको लागि मात्र पूर्ण छात्रवृत्ति दिइएको थियो। त्यसैबेला CCS-ITALY नामक INGO मा AUW को विद्यार्थीको रूपमा इन्टर्नशीप गर्ने मौका प्राप्त भयो।

–त्यहाँ गएर तपाईंले के अध्ययन गर्नुभयो ? त्यहाँको अनुभव सुनाउनुस् ।

सन २०१० जुलाईमा बंगलादेश पुगेर एक वर्ष लामो Access Academy प्रि-युनिभर्सिटि कोर्स (युनिभर्सिटिमा अध्ययन गर्नु अगाडि तयारी कोर्स) गरें । यस क्रममा मैले अंग्रेजी र गणितमा उल्लेख्य सुधार गरें। अध्ययनको क्रममा भाषा र अन्य पक्षमा समस्या आएपनि प्राध्यापक र स्टाफहरूको सहयोग र प्रोत्साहनले प्रथम सेमेस्टरमा राम्रो प्रदर्शन गर्न सफल भएँ। मैले त्यहाँ खेलकुदहरूमा पनि सहभागिता जनाएँ। भलिबल, ब्याडमिन्टन, टेवलटेनिस जस्ता खेलहरू राष्ट्रिय खेलाडिहरूले प्रशिक्षण दिइन्थ्यो।

मैले ब्याडमिन्टनमा प्रथम र टेवल टेनिसमा दोस्रो स्थान प्राप्त गर्न सफल भएँ । यसरी Access Academy को अन्तमा मैले पढाईको साथसाथै अतिरिक्त क्रियाकलापहरू पनि धेरै सिक्ने मौका पाएँ। त्यसपछि ५० दिनको छुट्टीमा नेपाल फर्केर जनसेवा उ.मा.वि.मा इन्टर्न गरें।

Agust २०११ मा AUW फर्केर Undergraduate अध्ययन गरें । यो Access Academy भन्दा फरक थियो। यसमा स्वअध्ययन र अनुसन्धान पनि गर्नुपर्थ्यो। पहिलो सेमेस्टरमा विभिन्न क्षेत्रबाट कोर्सहरू छान्नुपर्थ्यो।

मैले social analysis बाट social inquiry, literature बाट world literature, Science and Maths बाट pre-calcuss र writing seminars बाट Food culture का कोर्सहरू छानें। पछिका सेमेस्टरहरूमा मैले Public Health studies छानें।

–अध्ययन बाहेक तपाईले त्यहाँ के गर्नुभयो ?

– अध्ययन बाहेक मैले त्यहाँ पार्ट टाइम जब पनि गरें। अघिल्लो वर्ष AUW को IT Lab मा सहायक भएर काम गरें । अहिले Access Academy मा शिक्षकहरूलाई चाहिने शैक्षिक सामाग्रीहरू फोटोकपी तथा स्क्यानिङ गर्ने काम गर्छु। सेमेस्टर सुरुहुनुभन्दा अगाडि AUW ले विभिन्न अफिसको लागि पार्ट टाइम जबको विज्ञापन दिने गर्दछ । यसबाट विद्यार्थी हरूले पकेट खर्च पाउँथ्यो। यस वर्ष म Sports Club मा अध्यक्ष पदमा पनि छानिन सफल भएँ। Sports Club कै प्रोजेक्टको रूपमा जनसेवा उ.मा.वि.मा वास्केटवल प्रोजेक्ट ल्याउने तयारीमा जुटिरहेकी छु। यद्यपी यसको टुङ्गो लाग्न बाँकि छ ।

– AUW कहिले स्थापना भएको हो र कस्तो किसिमको विश्वविद्यालय हो ?

सन २००८ मा स्थापित भएको हो । यहाँ अफगानिस्तान, बंगलादेश, भुटान, क्याम्बोडिया, क्यानाडा, चिन, भारत, नेपाल, पाकिस्तान, प्यालिस्टाइन, श्रीलङ्का र भियतनाम गरी १३ राष्ट्रका ४५० जना अध्ययनरत छन । यस विश्वविद्यालयको पाठ्यक्रम संयुक्त राज्य अमेरिकाको मानविकी उद्धार शिक्षा प्रणालीमा आधारित छ ।

यस किसिमको शिक्षाले विद्यार्थीहरूलाई एउटा विषयमामात्र केन्द्रित हुने भएकोले त्यस विषयको विशेषज्ञ बनाउनुका साथै कुनै पनि क्षेत्रमा सफल हुनका लागि आवश्यक पर्ने सञ्चार शीप, तार्किकता तथा समालोचनात्मक सोचाइको विकास गर्नमा मद्दत गर्दछ । विद्यार्थीहरूलाई आफ्नो व्यक्तिगत रुचि अनुसार विषय अध्ययन गर्ने अवसर पनि प्रदान गर्दछ भने संसारलाई अझ फराकिलो र गहिराईमा बुझ्न पनि सहयोग गर्दछ ।

–अन्तमा तपाई हाम्रा पाठकहरूलाई के सुझाव दिन चाहनुहुन्छ ?

आफू र अरूको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याउनको लागि फरक किसिमको कार्य गर्न आवश्यक छैन । आफूले जीवनमा सिकेको कुरालाई सकारात्मक तरिकाले जीवनमा अपनाउनुपर्ने सुझाव दिन्छु। यो कुरा हरेक विद्यालय, कलेज तथा सरकारी र गैर सरकारी कार्यालयहरूमा पनि लागु हुने छ ।

हार्दिक बधाई

कीर्तिपुर सन्देश साप्ताहिकका सहयोगी **एवं शिक्षा तथा समजसेवी प्राज्ञ प्रा. डा. शिवशरण महर्जन** नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत विश्वविद्यालय अनुदान आयोगको सदस्य जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाईका सथै उहाँको कार्यकाल सफलताको लागि कामना गर्दछौं ।

कीर्तिपुर सन्देश परिवार

निखासी टोल, कीपू -३

भिंतुना

नेवाः स्वायत्त राज्य मंकाः परिषद्या सल्लाहकार**शिक्षा नापं समजसेवी प्राज्ञ प्रा. डा. शिवशरण महर्जन** नेपाल सरकार, शिक्षा मन्त्रालय अन्तर्गत विश्वविद्यालय अनुदान आयोगया सदस्य थेंजाःगु गरिमामय पदय् नियुक्त जुयादीगुलिं भिंतुनाबिसें वयःया कार्यकाल ताःलायेमाः धकाः कामना यानाच्वना ।

नेवाः स्वायत्त राज्य मंकाः परिषद्

किपू, तालँचा

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा —— नेपाली भाषा

का वने न्हिं ? –
ल जाउँ है ?
हानं हानं भ्रासँ -
फेरि फेरि आउनु होला।
हलो, सु न्ववानादिया थें ?–
हलो, को बोल्दै हुनुहुन्छ ?
थ्व गन लात थें ? –
यो कहाँ पर्‍यो ?
सुयात माला दियागु ?–
कसलाई खोज्नु भएको ?
थ्व लाजिम्पाटय् लात –
यो लाजिम्पाटमा पर्‍यो।
अन कुमार दु ला थें ? –
त्यहाँ कुमार हुनुहुन्छ कि ?
जि न्ववाना च्वना –
म बोल्दै छु।
जिं थ्व फोन छकः छ्यले ला ?
– म यो फोन एकपल्ट प्रयोग
गर्छु हुन्छ ?
ज्यू, यानादिसँ –
हुन्छ, गर्नुहोस।

जित थ्व नम्बरय् फोन
यायेमाःगु दु। –
मलाई यो नम्बरमा फोन गर्नु परेको छ।
छित गुलि नम्बरय् फोन यायेगु ? –
तपाईंलाई कति नम्बरमा फोन गर्नु परेको छ ?
जित दुई बीस चार अठार
नम्बरय् फोन यानादिसँ –
मलाई दुई बीस चार अठार नम्बरमा सम्पर्क राख्नुहोला।
थनं पोखराय् फोन याये ज्यूला ?–
यहाँबाट पोखरामा फोन गर्न सकिन्छ ?
अहँ, उकिया निंतिं पिसिओ
वनेमाः –
अहँ, त्यसको निंति पिसिओ जानुपर्छ
सु नापं खँल्हायेमाःगु थें ? –
कोसित कुरा गर्न चाहनुहुन्छ ?

सातौं राराकप अन्तर स्कुल वास्केटवल प्रतियोगिता हुने

नवीन महर्जन

राराहिल एलमुनाई एसोसियसन (Rarahil Almuni Associotion) को आयोजनामा यही आउँदो माघ २ गतेदेखि सातौं राराकप अन्तर स्कुल बास्केटवल प्रतियोगिता –२०६८ हुने भएको छ। राराहिल मेमोरियल स्कूलका भूतपूर्व विद्यार्थीहरुको यस संस्थाले २०४६ सालको जनआन्दोलन कीर्तिपुरमा भएका वीर चार शहिदहरु राजेन्द्र महर्जन, राज मान माली, हिराकाजी महर्जन र लनवहादुर महर्जनको सम्भ्कनामा यो प्रतियोगिता गर्दै आएको हो। यस छात्र/छात्रा बास्केटवल प्रतियोगिताको पाँचौं संस्करणदेखि इटालीका युवा समाजसेवी ल्काउदीया क्याटोई (Claudia Cattoi) को पनि संयुक्त सम्भ्कनामा यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ। यो प्रतियोगिताको दरखास्त दिने अन्तिम मिति पुस २६ गतेसम्म तोकिएको थियो भने यस प्रतियोगितामा सहभागि प्रशिक्षकहरु बैठक र टाइसीट ड्र कार्यक्रम पुस २७ गते आज हुँदैछ। सहभागिताको लागि एक टिमको लागि रु.२५००/ र दुवै टिमको लागि भने रु.४०००/ टोकिएको छ। यो प्रतियोगिता स्कुलकै कोर्टमा फिफा नियम अनुसार खेलाइने आयोजकले जानकारी दिइएको छ।

लिग फुटवल प्रतियोगिताको रोमाञ्चक

यो महिनाभर रेडबुल ए डिबिजन राष्ट्रिय लिग र बि डिभिजन लिग फुटवल प्रतियोगिताले फुटवल खेल प्रेमीहरुलाई रोमाञ्चक बनाईएको छ। ए डिबिजन राष्ट्रिय लिग प्रतियोगिता पोखरामा सञ्चालन भैरहेको छ भने बी डिबिजन लिग काठमाडौंमा सम्पन्न भएको छ।

बी डिबिजन लिग अन्तर्गत गत साता संकटा क्लब र काठमाडौं क्लब विच भएका खेलमा ३-० गोलले जित हासिल गरी संकटा क्लब एक वर्षको अन्तराल पछि फेरी सहिद स्मारक ए डिबिजन लिगमा बढुवा भएको छ।

संकटा क्लब २००८ सालमा न्यूरोड टिम (एनआरटी)बाट छुट्टिएर संकटा क्लबको स्थापना भएको हो। संकटा क्लबले ए डिबिजन लिग प्रतियोगितामा २०३७,२०४० र २०४२ मा गरी तीनपटक राष्ट्रिय च्याम्पियन भएको थियो भने तीन पटक उपविजेता पनि बनिसकेको छ।

पहिलो पटक राष्ट्रिय च्याम्पियन बन्दा त्यही साल २०३७ सालमा त्रिभुवन च्यालेन्ज कप पनि जितेको थियो। छ दशक लामो इतिहास बोकेको संकटा क्वब २०६७ असारमा सकिएको ए डिबिजन लिगबाट घटुवामा परेका थिए। स्मरण रहोस् उक्त बेला रेलिगेसनमा परी ब्वाइज युनियन क्लब पनि घटुवामा परेको थियो।

पोखरामा सन्चालन भइरहेको रेडबुल ए डिबिजन राष्ट्रिय लिग प्रतियोगितामा पुलिस क्लबले आफ्नो अविजीत यात्रा कायम गरेको छ। गत साता सम्पन्न विभागीय प्रतिद्वन्दी त्रिभुवन आर्मी क्लबलाई २-० ले हराउँदै पुलिस क्लबले रोमान्चक जीत हासिल गरेको छ। त्यसैगरी जावलाखेल युवा क्लबले पनि आफ्नो उत्कृष्टता प्रदर्शन गरिएको छ।

विशेष गरी पोखरामा संचालन भैरहेको रेडबुल ए डिभिजन राष्ट्रिय लिग प्रतियोगितामा व्यावसायिक बनाउने हेतुले विदेशी खेलाडि र राष्ट्रिय खेलाडिको सम्मिश्रणले खेल रोमान्चक बनाइएको छ। तर कमजोर अफिसियल व्यवस्थापन र खेलाडिहरुमा अनुशासनको कमीले खेललाई निरन्तरता दिन निकै कठिन भएको छ। हुनत मनाङ मर्स्याङदी र एनआरटी विचको खेलमा अनुशासन तोड्ने खेलाडिलाई तीन खेलको प्रतिवन्ध लगाएको छ जस्का कारण एनआरटीका कप्तान लक्ष्मण क्याल, डिफेन्डर रघु प्रजापति र असिम कार्की छन। त्यसैगरी मनाङ मर्स्याङदीका विजय गुरुङ्ग र सुजल श्रेष्ट छन।

हार्दिक समवेदना

जन्म नेपाल संवत् १०५६ चिल्लाथ्व ८



निधन नेपाल संवत् ११३२ पोहेलाथ्व १

यस बचत कोषका सदस्य श्री ज्ञानप्रसाद महर्जनका पिता **ज्ञान वहादुर महर्जनको** असामयीक निधन भएकोले उहाँको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परि वारजनमा धैर्य धारण गर्न सकोस भनी हार्दिक समवेदना प्रकत गर्दछौं

झीगु बचत कोष किपू

कीर्तिपुर १ बाघभैरव

प्रतिक्रिया

कीर्तिपुरको प्रतिबिम्ब कीर्तिपुर सन्देश साप्ताहिक

मेरा दुई शब्द

धेरैजसो मेरा शुभेच्छुकहरूले स्थानीय पत्रिकाको वेवास्ता गरी राष्ट्रिय पत्रिकाको खेतालाको रूपमा काम गर्ने मजदुरको रूपमा मलाई दोषारोपण गर्छन्। कुरा केही सत्य पनि हो, किनकी मेरा लेखहरू बढीजसो कान्तिपुर साप्ताहिक र नयाँपत्रिकामा प्रकाशित हुन्थ्यो। कीर्तिपुर सन्देशलाई पढेपछि स्थानीय पत्रिकालाई हीन नजरले नियाल्ने मेरो मनोवृत्ति पूर्णतः पखालिएको छ। मलाई अव कीर्तिपुरका स्थानीय पत्रिकाहरू पनि पूजनीय र पठनीय लाग्न थालेका छन् र उज्ज्वल भविष्यतिर म यस्को आशावादी पनि छु।

कीर्तिपुर सन्देश कीर्तिपुरको दर्पण हो भन्दा अत्युक्ति नहोला। जसरी काँचको दर्पनले मानवीय रूपरेखालाई शीरदेखि पाउसम्म उताड्छ यस्ले पनि समग्र कीर्तिपुर लाई प्रतिविम्वित गर्न सकेको छ। नजरराम महर्जनको 'धुनुवाको डायरी' र कीर्तिपुरको प्रतिभाशाली व्यक्तित्वलाई परिचित गर्ने सामाग्री विशेषतः पठनीय लाग्यो। देश र विदेशमा छरिएका कीर्तिपुरबासीका लागि अनलाइन कीर्तिपुरका सन्देशहरू विद्युतीय लहर ले संप्रेषण गर्नु यसको अर्को खुबि हो। यसको दुखद पाटोचाहीं, यस्मा हामी लेखकवर्गलाई अलिकता कलम चलाउने ठाउँको अभाव भयो कि जस्तो लाग्यो। भाषामा पनि हिज्जेहरू खासै नसुधारी हतारमै छापिएको झल्को लाग्छ। यी कुराहरूमा अलिकता ध्यान दिएमा 'कीर्तिपुर सन्देश'को प्रभावकारिता अझै दिन दुगुणा, रात चौगुणा बढदो हो। अन्त्यमा, मेरो कविता प्रकाशित गरिदिएकोमा कीर्तिपुर सन्देशप्रति आभारी हुँदै, यस्को उज्ज्वल भविष्यको कामना गर्दछु।

– **प्रेमकृष्ण श्रेष्ठ**
कीर्तिपुर, नयाँबजार

विष्णुदेवी मन्दिर निर्माण गर्न सहयोग संकलन गर्न सुरु

कीर्तिपुर नगरपालिका वडा नं:१८ भाजंगलस्थित अद्भुत शक्ति दायिनी अग्निरूपिनी माता श्री विष्णुदेवी मन्दिर एकदेव बैद्य नाम गरेको व्यक्तिले निर्माण गरेको भन्ने सुनिएकोमा मन्दिर अगाडिको शिलालेख अनुसार नेपाल सम्बत ७९४ मा पाटनको राजा श्रीनिवास मल्लद्वारा पुनःनिर्माण गरेको थियो। हाल उक्त मन्दिर जिर्ण भइ भत्किन लागेकोले पुनःनिर्माण गर्न विष्णुदेवी मन्दिर पुनः निर्माण समिति गठन गरिएको छ। जुन यस प्रकार छन।

१.अध्यक्ष : राजकुमार माली, भाजंगल, २.सचिव : रमेश महर्जन, ईटागोल ३.कोषाध्यक्ष : अर्जुन महर्जन, पाँगा ४. सदस्य : बद्रीलाल महर्जन, पाँगा ५.दीपबहादुर के.सि., चोभार ६. एलिना माली, भाजंगल ७. हिराबहादुर महर्जन, पाँगा ८. मधुकर महर्जन, पाँगा ९. नरहरि महर्जन, तःगुठी पाँगा, १०.कृष्णभक्त महर्जन, देयु गुठी पाँगा, ११. शरण महर्जन, सिकुछें चि गुठी पाँगा १२. रामलाल श्रेष्ठ, श्रेष्ठ गुठी पाँगा १३. हरिबहादुर खड्गी, खड्गी गुठी, पाँगा विष्णुदेवी मन्दिर निर्माण गर्न पुरातत्व विभागले नक्सा लागत इष्टिमेट तयार पारेको छ जस अनुसार रु.१,५४,७३,१६२/३८ मा मन्दिर निर्माण गर्नु पर्ने भएको छ। यसको लागि विभिन्न समितिहरू बनाई सहयोगको लागि सबैसँग अनुरोध गर्दै पर्चा बाँडेको छ। यस समितिहरूमा पाँगाका गुठीका प्रतिनिधिहरू, समाजसेवी, बुद्धिजिवी, भक्तजन र विभिन्न संघसंस्थाहरूको प्रतिनिधि रहेका छन।

मन्दिर पुनः निर्माणको लागि सहयोग गर्न चाहनु हुने महानुभावहरूले कृषि विकास बैंक कीर्तिपुर शाखामा रहेको विष्णुदेवी मन्दिर संरक्षण तथा उत्थान समाजको नाममा रहेको बचत खाता नं. ०४०९१३ मा जम्मा गर्न सक्नुहुने जानकारी विष्णुदेवी मन्दिर पुनः निर्माण समितिका कोषाध्यक्ष अर्जुन महर्जनले जानकारी दिनु भएको छ। मन्दिर निर्माण गर्न सहयोग गर्नु हुने महानुभावहरूको वर्णानुक्रम अनुसार १०हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्मको नाम थर र ठेगाना शिलापत्रमा राख्ने छ। १लाख १ रुपैयाँदेखि ५ लाख सम्मको तीन पुस्ते नाम थर र ठेगाना राखिने छ। ५ लाख एक रुपैयाँदेखि माथिको तीनपुस्ते नाम, थर ठेगाना रकम र चाहेमा सानो प्रतिमा राख्ने व्यवस्था भएको पनि जानकारी गराइएको छ।

सक्षम नेतृत्वको लागि मेनुकालाई पुनः अध्यक्षको जिम्मेवारी

"एक थुकि सुकी, सय थुकी नदी' भनेझैं पाँगाका ११ वटा महिला समूहका ६६२ जना सदस्य रहेको यस सहकारीमा प्रत्येक सदस्यलाई रु.५००/(को शेयर र प्रत्येक महिनाको १०० रुपैया जम्मा गरी कारोवार गर्दै आउँदा चारवर्षको अवधिमा रु ५,७३,०१८/७१ जम्मा गर्न सफल भएको छ। नियमित वचत, ऐच्छिक वचत, खुतुर्के वचत गरी रु.४६,१७,५२३/(निक्षेप संकलन गर्न सफल भएको छ भने रु.५२,५४,१५२/(ऋण लगानी गर्न सफल भएको छ। महिलाहरूले आफ्ना छोराछोरीलाई विदेश पढ्न पठाउन तथा रोजगारीमा पठाउन, घर बनाउन, उद्योग व्यापारमा लगानी गर्न समेत ऋण लिएको देखिन्छ। पहिले दस वीस हजार समूह जिम्मेवारी राखेर ऋण लगानी गर्दै आएको संस्थाले अहिले धितो लिएर दुई लाखसम्म ऋण दिन थालेको छ।

गत पुष १६ गते पाँगा महिला बचत तथ ऋण सहकारीको चौथो वार्षिक साधारण सभा पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री दिलिप महर्जनले उद्घाटन गर्नु भएको थियो।

त्यस दिन नयाँ नेतृत्वको पनि चयन गर्नु थियो। त्यहाँ कुनै किसिमको विवाद नगरीकन सर्वसम्मतिले पुरानै कार्यकारी समितिलाई सर्वसम्मतिले चयन गरियो। जसमा अध्यक्षः मेनुका महर्जन उपाध्यक्ष रोशनी महर्जन, सचिव चन्द्रमाया महर्जन, कोषाध्यक्ष विना महर्जन, सदस्यहरूमा मैया महर्जन, रविना महर्जन, रजनी महर्जन, मन्देवी महर्जन, शुसिला महर्जन, मधुनानी महर्जन र सत्यमाया गरी ११ सदस्य कार्यसमिति रहेको छ।

त्यस्तै गरी लेखा (सुपरिवेक्षण) समितिको संयोजकमा शान्ति महर्जन, सदस्यहरूमा : गिता डंगोल, ज्ञानी महर्जन रहेका छन।, ऋण उपसमितिमा संयोजक : रविना महर्जन, सदस्यहरूमा रुपा महर्जन, शुसिला महर्जन, शिक्षा उपसमितिमा संयोजक : शुसिला महर्जन, सदस्यहरूमा गंगा महर्जन, संगिता महर्जन रहेका छन।

थुनुवाको डायरी–२६-



२०६७/०७/१८ विहिवार उनान्तीस दिन

आज रातभरिमा चारचोटि पिशाव भयो। मेरो शरीरमा चीनि बढ्यो होला। अथवा हिजो घरबाट कुखुरा मासु ल्याई दिएको थियो। दिउँसो र बेलुका खाएँ। पानी खुब पिएँ। त्यसैले पिशाव बढी भएको हो कि ? आजकल मेरो पेट पनि गोलमाल छ। कहिले दिनभरि मा पाँच छ चोटि दिसा लाग्छ। कहिले तीन चार दिनसम्म दिसानै हुँदैन। मलाई साह्रै पीर पर्‍यो।

सधैँझै आज विहान ओम शान्तिमा गएँ। वीष्णु थापाले हिजो अदालतबाट सफाई पाएको भए पनि ऊ घर जान पाएको छैन। आज जेलरले उसको कागजमा सही गरिपछि मात्र उसले घर जान पाउँछ। आज उसलाई तिलक लगाएर खादा ओढाएर विदाई दिए। बिदा हुने व्यक्तिले अनुभव सुनाउने ओमशान्तिमा परंपरा अनुसार उसले आफ्नो अनुभव सुनायो।

ऊ गुल्मी जिल्लाबाट काठमाडौं आइ कलंकीमा होटल व्यवसाय गरिरहेका वीष्णु थापाको होटलमा एउटी केटी काम गर्थिन्। एक वर्ष जति काम गरेर केटीले काम छाडेर गइन।

केटीले काम छाडेको एक महिना पछि विष्णुका शत्रुहरूले ती केटीलाई उसले भारत लगी बेचेको आरोप लगाएर महिला सेल कालीमाटी प्रहरीमा जाहेरी दिए। प्रहरीले उसलाई र उसको होटेलमा काम गर्ने एक जना केटालाई समातेर थुन्यो। प्रहरीले उनीहरूको विरुद्ध 'जिउ मास्ने बेच्ने' मुद्दा दायर गर्‍यो। अदालतमा थुनछेकको बहस भयो। विष्णु थापालाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश भयो। उसको कामदारसँग सात हजार रुपैयाँ धरौटी माग्यो। उसले धरौटी बुझाउन सकेन दुवैजनालाई भद्रगोल जेलमा पठायो। विष्णु थापाका घरका मान्छेहरूले ती केटीलाई खोज्न थाले। बल्ल पाँच महिना पछि ती केटीलाई काठमाडौंको बागबजारको एउटा होटेलमा काम गरिरहेकी फेला पारे। अस्ति १७ गतेको पेशीको दिन ती केटीलाई अदालतमा उपस्थित गराइयो। केटीले आफू कसैद्वारा बेचिएकी होइन आफू खुसी अर्को होटेलमा काम गर्न गएको भनेर अदालतमा बयान दिए पछि विष्णु थापा र त्यो केटा दुवैजनाले सफाई पाए।

छ महिनापछि अदालतले विष्णु थापालाई सफाई दियो। सफाई दिएर के गर्ने ? त्यतिबेला सम्म उसको होटेल बन्द भैसकेको थियो। अदालतको चक्करमा चार लाख रुपैयाँ खर्च भयो। गुल्मीबाट यहाँ जसरी आएको थियो अब त्यस्तै खाली हात फर्कनु पर्ने भयो।

नेपालको कस्तो कानून ? कसैले जाहेरी दिने बितिक्कै समातेर मुद्दा चलाई हाल्ने। थुन्नै पर्ने। मलाई पनि हेर न, एउटा सल्लाह गर्नु छ भनेर बोलाएर थुनि दियो। थुनछेकको बहसमा सामान्य तारिख या धरौटीमा छुट्छु कि भन्ने आशा थियो। पुर्पक्षको लागि भनेर थुनामा पठाई दियो। यदि म बाहिर जान पाएको भए संस्थाको वार्षिक कार्यक्रम हुन्थ्यो। ज्वजलपा पत्रिकाको वर्गिकरणको लागि फाराम भर्न पाइन्थ्यो। पार्टीको अधिवेशनमा अध्यक्ष पदको उम्मेदवार बन्न पाउँथें। म भित्र परेर यी सबै उपलब्धीबाट बञ्चित भएँ। भोलि मैले सफाई पाएँ भने पनि यी अवसरबाट म बञ्चित भइसक्यें।

विहान खाना खाएर घाम तापिरहेको थिएँ। नजरमान महर्जन भनेर माईकबाट लगातार तीनचोटि बोलायो। सायद लक्ष्मी र नीलम आएका होलान्। उनीहरू आउँदा मात्र नजरमान महर्जन लेखाएर ल्याउँथिइन्। ढोकामा गएर हेरेको त भतिजा गंगामान आएको रहेछ। उसलाई देख्ने बित्तिक्कै मेरो मन रमायो। आफ्नो मान्छे आउँदा मन कति रमाउँछ भनेर बाहिरका मानिसहरूलाई के थाहा ?

भेटघाटस्थलमा गएँ। सञ्चो विसञ्चोको कुराकानी भयो। मलाई यहाँ भित्र पठाएकोमा दुखेसो र आक्रोस पोख्दै भन्यो, "कलियुगमा राम्रो काम गर्ने मान्छेले जस पाउँदैन भन्थ्यो। साँच्चै रहेछ। काकाले मानवीय सेवानै ठूलो धर्म ठानी अनाथ असहाय बालबालिकाहरूलाई सहयोग गर्नुभयो। फलस्वरुप आज जेल जीवन बिताइरहनु परेको छ। आइन्दा अब फेरि त्यस्ता बालबालिकाको लागि केही सहयोग नगर्नु होला।' हरे भगवान जति जना मलाई भेट्न आउँछन सबैको एउटै भनाई हुन्थ्यो - आइन्दा कसैलाई सहयोग नगर्ने। यी दुई जना केटीहरूको कारण गरीब, अनाथ, असहाय भन्ने शब्द प्रतिनै मेरा आफन्त, साथीहरू र नातेदारहरूको मनमा घृणा पैदा गराइ दियो। गंगामानको कुरालाई मोड्दै साधें, 'हाम्रो टोलको हालखवर के छ ?'

'सबैजनालाई ठिकै छ। सबैको एउटै चिन्ता छ तपाई कहिले छुट्नु होला भनेर।'

'कार्तिक २५ गते १७ नं. पुनरावेदन अदालतमा पेशी छ। त्यतिबेला सामान्य तारिखमा छुट्न पनि सक्छु। नभए अरू चार पाँच महिना पनि लाग्न सक्छ।'

ऊसँग निकैबेर कुराकानी भयो। जानेबेलामा उसले भन्यो, 'काका धेरै पीर नलिनुस्। हामीले गरेर हुने भए जे पनि गर्न तयार छौं।'

ऊसँग छुट्टिएर आएपछि कोठामा आइ पल्टेको त भुसुक्कै निदाएछु। २ बजे उठें, अब दाह्री काट्नु पर्‍यो भनेर दाह्री काट्ने सामान लिएर बाहिर गएँ। त्यतिकैमा माईकबाट फेरि नाम बोलायो। को आएको होला भनेर गएको त छोरा निरज आएको रहेछ।

कुराकानीको क्रममा उसले भन्यो, 'आज पुनरावेदन अदालत गएर आएको। २५ गतेभन्दा अगाडि पेशी राख्न मिल्छ कि भनेर सोधेको मिल्दैन रे। अस्ति भिनाजुले जसरी पनि तपाईंलाई निकाल्न लगाउँछु भन्नुभएको थियो। आज फोन गर्दा सक्दिन भन्नुभयो। नित्यमान मामा र पवन दाइ पनि चिनेजानेका मानिसहरूकहाँ दौडिरहनु भएको छ। खोइ, के हुने हो।"

मेरो सहयोगको लागि मेरा नातेदारहरू लागिरहेको सुनेर मेरो मनमा छुट्छु कि भन्ने आशा पलायो।

छोरासँग विदा भएर आएपछि मेरो मन आनन्दित भयो।

२०६७/०७/१९ शुक्रवार

हिजो बेलुका चाँडै सुतेकोले होला आज विहान ४ बजेनै मेरो आँखा खुल्यो। नित्यकर्म गरेर बेडमा आइ डायरी लेख्न थालें।

ओहो ! म यस भद्रवन्दी गृहमा आएको तीस दिन भैसकेछ। मलाई त ख्यालै रहेन। मैले आफूलाई यस ठाउँमा एडजस्त गरिसकेको छु। त्यसैले हिजो मात्र आएको जस्तो लाग्छ। तर हिजोदेखि मेरो दिलको शान्त पोखरीमा छोराले पत्थर हानेर छाल पैदा गरिदियो। त्यो छालले मलाई कहाँ पुर्‍याइ दिने हो थाहा छैन। म कार्तिक २५ गतेको दिनलाई पर्खिरहेको छु।

हिजो यहाँबाट चारजना वन्दीहरू छुटेर गए। चारैजनाले उनीहरूमाथि लागेको आरोपबाट सफाई पाए। एकजना म जस्तै जवरजस्ती करणी उद्योगमा पुर्पक्षको लागि थुनामा थियो। यो जवर्जस्ती करणी उद्योग मुद्दा कसैलाई वदला लिने साधनजस्तो भैदिएको छ। महिलाको अस्मिता बचाउन ल्याइएको कानुनको दुरुपयोग गरिरहेका छन।

सुमन र राजन (नाम परिवर्तन) साह्रै मिल्ने साथीहरू थिए। हिजो छुटेर जाने सुमन त्यस्तै २८ वर्ष जति भयो होला। उसले एमबीबीएस पास गरेर कुनै प्राइवेट क्याम्पसमा पढाउँथ्यो। उसको राजन भन्ने साथी थियो। सुमन र राजन क्याम्पसमा पनि सँगै पढेका थिए। राजनको केटीहरूसँग संगत भयो। डिप्लोमा पास नहुँदै उसले केटी भगाएर ल्यायो। उसको पढाई बिग्रयो। सुमनले एमबीएस पास गर्दा बल्ल राजनले बीबीएस पास गरेछ। सुमनको प्रगति राजनको स्वास्नीले सहन सकिन। सुमन पीएचडी गर्न अमेरिका जाने भयो। अमेरिका जान भिसा पनि आइसकेको थियो।

अमेरिका जाने अघिल्लो दिन राजन भेट्न सुमन उसको घर मा गयो। राजन घरमा थिएन। मोबाईलमा फोन गर्दा बस्दै गर्नु आउँछु भन्यो। राजनको स्वास्नीले उसलाई आफ्नो कोठामा लगिन्। चिया ख्वाउन ल्याइन। सुमन चिया खाइरहेको बेला राजनको स्वास्नीले उसलाई अंगालो मार्न आइन्। के चलेको यो भनेर सुमन जुरुक्क उठ्यो। तैपनि राजनको स्वास्नीले उसलाई छाडेन। सुमनले उनलाई धकेली दियो। यसरी चल्दा चिया पोख्यो। राजनको स्वास्नीले आफ्नो कपाल विगारिन, ओठको लालि बिगारिन। उनी 'बचाउ बचाउ' भनेर कराइन। राजनको आमा बुबा आए। राजनको स्वास्नीले ऊ माथि बलात्कार गर्न खोजेको आरोप लगाइन्। राजनको आमाले सुमनको गालामा एक चड्कन हानिन्। सुमन आफु निर्दोष भएको बयान दिंदै आमाको खुट्टा समातेर रुन थाल्यो। राजनको बुबाले भैगो जाऊ अब आइन्दा यो घरमा कहिल्यै नआउनु भन्यो। राजनको स्वास्नीले प्रहरीमा फोन गरी सकेकी थिइन। सुमन घरबाट बाहिर जान लागेकै बेला प्रहरीहरू आए। सुमनलाई गिरफ्तार गरेर लगे। राजनको बुबाले भैगो भन्दा पनि प्रहरी मानेन। राजनको स्वास्नीले जवरजस्ती गर्न खोजेको भनेर जाहेरी लेखाइन। अदालतमा मुद्दा चलायो। सुमनको अमेरिका जाने योजना चकनाचूर भयो।

राजनले आफ्नो स्वास्नीको कुरामा विश्वास गरेन। उसले स्वास्नीलाई घरबाट निकाली दियो। अदालतमा साक्षी बकपत्र हुने भयो। राजनले आफ्नो स्वास्नीसँग एउटा सर्त राख्यो, "यदि तिमी मसंग बस्न चाहन्छौं भने अदालतमा इन्कारी बकपत्र देउ। होइन भने मसंग सम्बन्ध बिच्छेद गर्न तयार रहनु।'

बकपत्रको बेला राजनको स्वास्नीले इन्कारी बयान दिएपछि चौथो पेशीमा सुमनले सफाई पायो। सफाई पाएर के गर्ने? उसले अमेरिका जान पाएन। क्रमश .....

हैन त ? –भरत

तीर्थयात्रामा गएका कीर्तिपुरवासी केशरी महर्जनको स्वर्गद्वारीमा निधन

कीर्तिपुर सन्देश/

कीर्तिपुर नगरपालिका वडा नं. २ गःछेँका स्थानीयवासी केशर महर्जनको तिर्थयात्रामा जाने क्रममा प्यूठानको स्वर्गद्वारीमा निधन भएको छ। कीर्तिपुरका स्थानीयवासी तिर्थयात्रा जाने क्रममा गत २१ गते स्वर्गद्वारीमा मृत अवस्थामा महर्जनको शव फेला परेको थियो। ७८ बर्षिय केशरी महर्जन सहित कीर्तिपुरवासी तिर्थयात्रामा गएको र राती आगो तापिरहेको अवस्थामा उहाँ बेपत्ता भएको र भोलिपल्ट २१ गते विहान स्वर्गद्वारीको पोखरीमा मृत अवस्थामा फेला परेको हो । आगो तापेपछि पोखरीतिर गएको बेला सो घटना भएको हुनसक्ने अनुमान गरिएको छ । कीर्तिपुरवासी स्वर्गद्वारीमा निधन भएको समाचार सबैभन्दा पहिला अनलाइनखबरले सार्वजनिक गरेको थियो । उहाँको अन्तिम संस्कार गर्न शवलाई राजधानीमा नै ल्याएको र गत शुक्रबार नै अन्त्यष्टि भइसकेको छ।

फुट्ने र जुट्ने

ब्यंग सन्देश

शरद कुमार महर्जन

संसारमा जन्म लिएपछि कहिले कोसँग जुट्ने र कहिले कोसँग फुट्ने काम भैरहेकै हुन्छ। सामान्यतया आफ्नो विचार कोहीसँग मिलेमा जुट्ने र विचार नमिले र स्वार्थ पनि नमिलेपछि फुट्ने हुन्छ। तर कहिलेकहीं आफ्नो विचार, सिद्धान्त र स्वार्थ नमिले पनि एउटै ठाउँमा बसिरहनु पर्ने हुन पनि सक्छ ।

कहिलेकाहीं एउटै ठाउँमा बसेपनि अलग अलग रूपमा काम गर्नु पर्ने हुन्छ। त्यस्तै नेपाली राजनीतिमा फुट्ने र जुट्ने काम भैरहेकै छ। कोही एउटै दल भएपनि फुटेको जस्तो, कोही अलग अलग दल भएपनि एउटै काममा जुटेको जस्तो देखिन्छन यहाँ। आखिर व्यक्तिगत स्वार्थ मिलेपछि, क्षेत्रगत स्वार्थ मिलेपछि, जातीगत स्वार्थ मिले पछि वा समूहगत स्वार्थ मिलेपछि यहाँ फुट्ने र जुट्ने काममा कुनै समस्या हुँदैन।

नेपाली राजनीतिमा अहिले एमाओवादी पार्टी फुट्ने र जुट्ने दोसाँधमा छ। डाक्टर प्रधानमन्त्रीले जस्तोसुकै नयाँ जुट्ने प्रस्ताव लिएर बैद्यकहाँ गएपनि अब विचार नमिलेपछि, स्वार्थ नमिलेपछि जुट्ने कुरा पनि भएन। प्रधानमन्त्री डाक्टरले जस्तोसुकै राष्ट्रघाट गरेपनि, भारतको दलाली गरे पनि, जनयुद्धको बेला एउटै मंचमा एउटै खाएको कसम बिर्से पनि, आखिर पार्टी फुट्न पनि सकेको छैन। यसको पनि धेरै कारणहरू होलान्। मैले अनुमान गरेभन्दा त्यो धेरै फरक पनि हुन सक्छन्। तर सामान्यतया मैले के अनुमान लगाएँ भने डाक्टर र वैद्यलाई फुट्न पनि धेरै गाऱ्हो छ र जुट्न पनि धेरै कठिन छ। किन कि यहाँ दुबैलाई 'नखाउँ भने दिनभरिको शिकार, खाउँभने कान्छा बाउको अनुहार' जस्तो भइसकेको छ। १० वर्षे युद्धमा सँगसँगै हिड्यौं, लड्यौं।

दुबैले गुमाउने मात्र बेला थियो पाउने केही थिएन तर अहिले त्यही जनयुद्धबाट कसैले पद, प्रतिष्ठा, राज्यको सुखसुविधा पाउने, धनदौलत पाउने भयो र कोही त्यसबाट बन्चित भयो। आखिर आफूले धनदौलत कमाउनु छ भने त सर्वहाराको मुक्तिको ठूलो कुरा किन गरियो, सुकुम्बासीको जग्गा फिर्ता गर्नु नै छ त, हिजो किन अर्काको जग्गा कब्जा गरियो। अरू व्यक्ति सत्ता र सरकारमा रहेको बेला कब्जा गरेको जग्गा र सम्पत्ति आफ्नो सरकारको पालामा फिर्ता गर्नु नै छ भने हिजो त्यो कुरा किन भनेनौं ? आफ्नो दलमा भएको पैसा र सम्पत्तिलाई पारदर्शी बनाउन सकेनौं भने राष्ट्रको धनमा सरकारको हर हिसावमा कसरी पारदर्शी हुन्छ त ? अरू सरकारको पालामा बन्दुक समात्ने, आफ्नो सरकारको पालामा बन्दुक बुझाउने हो भने, हिजो किन बन्दुक समात्यौं त ? आखिर नेपाली जनतालाई शासन गर्ने कुनै शासक त चाहिन्छ नै। हिजो अरू कसैले शासन गरे त आज शासन गर्नेमा आफू परे। नेपाली जनताको आमूल परिवर्तन नगर्ने हो भने सुधारवादी शासकहरू त आइरहेकै थिए डाक्टर प्रधानमन्त्री लाई असंख्य प्रश्नहरूको जवाफ आफ्नै कार्यकर्ताहरूलाई दिनु भन्दा पार्टी फुटाउनुमा नै आफ्नो अन्तिम इच्छा त छँदैछ तर बाहिर आफूले पार्टी फुटाएको भनेर देखाउन नहुने अवस्था छ।

हिजो त नेकपा एमालेलाई बामदेवले फुटाउँदा 'फुटमा शक्ति हुन्छ' भनेर लोभ्याए। आज त कार्यकर्ता सचेत छन्। फुटको आँट गर्न गाह्रो छ र जुट्को अभियान चलाउनु पनि गाह्रो नै छ। माथिदेखि तलसम्म चिरा परेको भाँडालाई फुटाउँदा सिगै भाँडो काम नआउँला भन्ने डर पनि छ र फुट छैन भनी देखाऊ भने कुरो गर्दा चुहेकै छ।

आखिर यो एमाओवादीमा मात्र पनि हैन, नेपाली कांग्रेस दलमा पनि त्यही समस्या छ। एक नेता महाधिवेशनबाट जितेर आउने अर्को नेता महाधिवेशनबाट हारे पनि नेता मान्नै पर्ने समस्या छ। जितेर आउने कोइराला निरंकुशतातर्फ अघि बढ्ने, हारेर आउने देउवा नेता र प्रधानमन्त्री हुनु पर्ने।

यो दल फुटेर पनि जुटेको र एउटै दल भएपनि जुट्न नसकेको पार्टी र नेकपा एमाले अहिले जुटेको हो कि फुटेको थाहा नपाउने भएको छ। माथि देखि तलसम्म चिरा परेको पार्टी कुन कुन तहमा स्वार्थ मिल्यो त्यो पनि थाहा छैन। कति कार्यकर्ताहरूको मनोभावना फुटेका छन त्यो पनि चाल पाएको छैन मधेशवादीको स्वार्थ मिल्यो टुक्राटुका पनि एउटै मोर्चामा मिलेको छ। कुनबेला सरकार ढल्ने हो मोर्चा पनि फुट्ने छ।

आखिर फुट्ने र जुट्ने काम निरन्तर हुनु पर्दछ। किन कि यो नेपालीको राजनीतिक संस्कार पनि हो। स्वार्थ मिल्यो, सबै मिल्यो, स्वार्थ मिलेन केही मिलेन हुने। यो नेपालमा जुट्न पनि सजिलो छ र फुट्न पनि सजिलो छ। डराउनु पर्दैन

नेपालभाषा एफएम संचालक र श्रोताविच शुभकामना

कीर्तिपुर सन्देश/

नवज्योति एफ एम ८८ दशमलव २ मेगाहर्जमा नेपालभाषा कार्यक्रम न्हूजः संचालन भएको छ महिना पुगेको उपलक्ष्यमा गत शुक्रवार ललितपुरको अक्षयश्वर महाविहारमा काठमाण्डौं उपत्यकामा संचालित एफ एमहरूमा नेपालभाषाबाट कार्यक्रम संचालन गर्ने संचारकर्मी र श्रोता वीच शुभकामना आदनप्रदान कार्यक्रम सम्पन्न भयो।

नेवारहरूको राष्ट्रिय संगठन नेवाः देय् दबूको भातृ संगठनको रूपमा रहेको नेवाः ज्याःमि दबूको संयोजक श्रीकृष्ण महर्जनको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा विशिष्टि अतिथि संस्कृतिविद् क्षेत्रबहादुर कायस्थ हुनु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि महर्जन र विशिष्ट अतिथि कायस्थले पानसमा बत्ति बाली संयुक्त रूपमा उद्घाटन गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि संचार कर्मी महर्जनले नेपालभाषाबाट संचालन हुने एफ एमका संचालकहरूमा धेरै चुनौति रहेको, नेवार समुदलायलाई आफ्नो हक अधिकारकालागि सचेत गराउने खालको कार्यक्रममालाई प्राथमिकता दिनुपर्ने, नेवार संचारकर्मी व्यवसायीकतातर्फ लाग्नुपर्ने र सम्पूर्ण नेवार संचरकर्मीहरू एकजुट हुनुपर्नेमा जोड दिनु भयो।

कार्यक्रममा विशिष्ट अतिथि कायस्थले नेवार संस्कृतिलाई संचारमाध्यमले प्राथमिकता दिनुपर्ने बताउनु भयो। न्हूजःका अध्यक्ष सुनिल बज्राचार्यको सभापतित्वमा भएको सो कार्यक्रममा श्रोताको तर्फवाट मोक्षबहादुर अमात्य, मेट्रो एफ एमका संचारकर्मी उदेन न्हूसायमि, आयोजकको तर्फवाट जुनिबज्र बज्राचार्य, भुपेन्द शाक्य लगायतले नेपालभाषाका संचारकर्मीहरूले विभिन्न चुनौति सामना गर्नुपर्ने अवस्थावारे जानकारी गराउँदै सबै एकजुट हुनुपर्ने कुरामा जोड दिनु भएको थियो। उक्त समारोहमा सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो।

कीर्तिपुर सन्देश '*अनलाईन कीर्तिपुर डट कम*'मा हेर्न सक्नुहुनेछ ।(online kirtipur . com)

सूक्ष्मी फर्मा

लोकतान्त्रिक चोक, नयाँबजार, कीर्तिपुर -३

हाम्रा सेवाहरूः-

स्वास्थ्य जाँच, फार्मेसी, प्याथोलोजी ल्याव, भ्याक्सिन सेवा र सबै प्रकारका मेडिकल जाँच, प्याथोलोजिमा २० % थेरापिमा ५० % छुटको व्यवस्था छ ।

सम्पर्क ९८४१७१६५०१, ४३३४९४२

सुहाना क्याटरिङ सर्भिस

ट्याङला, कीर्तिपुर

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।

Buffet Dinners Luncheons, B.B.Q.S etc

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 4334477

सातौं राष्ट्रिय ज्ञानमाला सम्मेलन घोषणापत्र

गत पौष १६ गते बास्केटवल मैदान कीर्तिपुरमा संघनायक भिक्षु अश्वघोष महास्थविरले सातौं राष्ट्रिय ज्ञानमाला सम्मेलन २०६८ को उद्घाटन गर्नु भएको थियो ।

पौष १८ गते नगरमण्डप श्रीकीर्ति विहारमा पर्यटन तथा नागरिक उड्डयन राज्य मन्त्री दिलिप महर्जनले सो सम्मेलनको समापन गर्नुभयो ।

उक्त सभामा ५ बुँदे कीर्तिपुर घोषणा नेपाल राष्ट्रिय ज्ञानमाला समितिका केन्द्रिय अध्यक्ष प्रा.सुवर्ण शाक्यको सभापतित्वमा सम्पन्न उक्त घोषणा सभामा सह प्रा.पूर्णमान महर्जनले संचालन गर्नु भएको थियो। आगामि दिनहरूमा गर्नुपर्ने १२ बुंदाका सुझावहरू सहभागि प्रतिनिधि इन्द्रमुनी शाक्ये प्रस्तुत गर्नुभएको थियो ।

धन्यवाद ज्ञापन बुद्ध महर्जनले र किरण कुमार जोशी वरिष्ठ उपाध्यक्षले कीर्तिपुर घोषणा पढेर सुनाउनु भयो ।

१.ज्ञानमाला संघहरू र सदस्यहरूले बलिको रुपमा कुनैपनि प्राणी हिंसा/बलि दिई पूजा गर्न निषेध गर्ने अभियानमा लाग्ने

२. बौद्ध धार्मिकस्थलमा अबौद्ध कृयाकलाप हुन नदिन सत्प्रयास जारी राख्ने

३. बौद्ध जनजातीका तत्तत् भाषामा ज्ञानमाला भजन निर्माण गराई प्रचार प्रसार गर्ने

४. बौद्ध कार्यक्रममा शान्ति भंग हुने खालका तालि बजाउने संस्कृति निषेध गर्ने

५. ज्ञानमाला नवजागरण अभियान द्वारा धार्मिक, सांस्कृतिक कुराको पहिचान गरी व्यवहारमा विकृति उन्मुलन गर्न अथक प्रयास गर्ने

अन्तमा नेपाल राष्ट्रिय ज्ञानमाला समिति केन्द्रिय अध्यक्ष प्रा.सुवर्ण शाक्यले त्यस कार्यक्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण बौद्ध धर्मप्रति आस्था राख्नु हुने शुभचिन्तकहरूको साथै व्यवस्थापन समितिलाई समेत कार्यक्रम भव्य रुपमा सफल भएको जानकारी गराउनु भयो ।

आठौं राष्ट्रिय ज्ञानमाला सम्मेलन कहिले कहाँ गर्ने भनेर निर्णय दिन सकेन । कुनै पनि समितिले जिम्मा लिएको थिएन । अथवा भनुं कसैले पनि पालो लिएन । कहिले कहाँ गर्ने भन्ने कुरो ६ महिना भित्रमा निर्णय दिने भएको छ ।

घोषणा समितिका पदाधिकारीहरू :

प्रा.सुवर्ण शाक्य - केन्द्रिय अध्यक्ष -नेपाल राष्ट्रिय ज्ञानमाला समिति

श्रीकृष्ण महर्जन -अध्यक्ष- सातौं राष्ट्रिय ज्ञानमाला सम्मेलन, व्यवस्थापन समिति २०६८

किरण कुमार जोशी- वरिष्ठ उपाध्यक्ष नेपाल राष्ट्रिय ज्ञानमाला समिति

लक्ष्मी महर्जन- सिद्धिपुर ज्ञा.भजन खलः

आवश्यकता

बाघ भैरव बचत तथा ऋण सहकारी संस्था लि
नयाँबजार, कीर्तिपुर
फोन नं.४३३३९२८, ४३३०२३६

खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

यस बाघ भैरव वचत तथा ऋण सहकारी संस्था लि. द्वारा लेखापाल (Accountant) पदको लागि खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति यहि मिति २०६८/०९/२२ गते शुक्रवार गर्न दरखास्त आह्वान गरिएकोमा १५ दिन म्याद थप गरी अन्तिम मिति २०६८/१०/०८ गते आइतवारका दिनसम्म कायम गरी पुनः दरखास्त आह्वान गरिएको छ।

पद : लेखापाल (Account) १ (एक) जना

आवश्यक न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा सो सरह उतीर्ण,

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता,

तलव सुविधा : संस्थाको नियमानुसार।

नेवाः एकता दिवसको अवसरमा एकीकृत माओवादीका अध्यक्षले दिनु भएको सन्देश

हाम्रो पार्टी एकीकृत ने.क.पा (माओवादी) दोस्रो नेवाः एकता दिवसको अवसरमा सम्पूर्ण नेपाली जनसमुदाय र खास गरी नेवार समुदायमा हार्दिक अभिवादन गर्दछ ।

नेवार जातिसम्बद्ध विभिन्न संघसंस्था र संगठन सम्मिलित यो नेवाः एकता अभियानले संघीय गणतन्त्रात्मक नेपालअन्तर्गत नेवार जातजातीयता(राष्ट्रियतामा आधारित आत्मनिर्णयको अधिकारसहित नेवाः राज्य स्थापनाको पक्षमा गर्दै आएको पहलप्रति एकीकृत नेकपा माओवादी को ऐक्यबद्धता रहँदै आएको छ । दश वर्षको महान जनयुद्ध र विभिन्न जन आन्दोलनमा नेपाली जनताको हजारौं सर्वश्रेष्ठ छोराछोरीहरूले प्राणोत्सर्ग गरेर स्थापित गरेको नेवाः लगायत देशका आदिवासी जनजातीहरूको स्वायत्त राज्य स्थापनाको आकांक्षालाई नयाँ संविधान मार्फत मूर्तरुप दिन हाम्रो पार्टी पूर्णरुपमा दृढ र अविचलित रहेको तथा रहिरहने विश्वास पनि हामी सम्पूर्ण नेवार जनसमुदायलाई दिलाउन चाहन्छौं । शान्ति र संविधानलाई सफल तुल्याएर मात्रै देशका उत्पीडीत वर्ग, लिंग, जाति र क्षेत्रका जनसमुदायको अधिकार सुनिश्चित हुने छ भन्ने हाम्रो विश्वास छ । आफ्नो भाषा, संस्कृति र राजनैतिक अधिकारका निमित अग्रपंक्तिमा रहेर लड्दै आएको गौरवशाली इतिहासका धनी तपाईं नेवार जनसमुदायको आम जनताको निमित शान्ति र संघीय संविधान निर्माणमा समेत समुचित योगदान रहने कुरामा हामी विश्वस्त छौं ।

अन्त्यमा दोस्रो नेवाः एकता दिवसको अवसरमा सम्पूर्ण जनसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्दछु धन्यवाद ।

पुष्पकमल दाहाल अध्यक्ष ए नेकपा (माओवादी)

(गत पुष १८ गते पोहेलाध्व नवःमिको दिनमा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको आयोजनामा खुल्लामञ्चमा गरेको नेवाः एकता दिवसको अवसरमा दिनु भएको सन्देश)

कीर्तिपुर यातायात सेवा कम्पनी लिमिटेडको पन्ध्रौ वार्षिक साधारण सभाको सूचना

यस कीर्तिपुर यातायात सेवा कम्पनी लिमिटेडको पन्ध्रौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल गर्न बस्ने भएकोले उक्त सभामा शेयरधनी महानुभाव स्वयम् वा रितपूर्वक प्रतिनिधिद्वारा उपस्थित हुन अनुरोध गर्दछु ।

सभा हुने समय र स्थानः
मिति : २०६८ पुस ३० गते शनिवार
समयः विहान :१० बजे
स्थानः शुभकामना पार्टी प्यालेस, सूर्य विनायक, भक्तपुर (सूर्य विनायक ट्रलिबस पार्कबाट २०० मिटर अगाडि बनेपा जाने बाटो)

छलफल हुने विषयहरूः

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन
२. आ.व.२०६७/०६८ को लेखापरीक्षकको प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।
३. आ.व. २०६८/०६९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।
४. पन्ध्रौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनी र संचालकहरूको तर्फबाट १/१ जना प्रतिनिधि छनौट गर्ने।
५. अन्य विविध

मिलन मान महर्जन
कम्पनी सचिव

नोटः बस छुट्ने समय कम्पनी कार्यालयबाट विहान ७-८ बजेसम्म मात्र
(विशेष अनुरोध : कृपया सभामा शेयरधनी स्वयम् नै बाल बच्चा साथमा नलिई उपस्थित हुनुहोस्)

साहित्य ———————— कविता

"ए ...... ८२ वर्ष ?

विकास महर्जन,
धोकासी टोल, पाँगा

मेरो बाले टि.भी.को औषधी
खाएको हैन
औषधीले उहाँलाई खाएको छ
ठाउँ ठाउँमा झुण्ड्याइएको
क्षयरोग सम्बन्धि
ठूलठूला होर्डिङ्ग बोर्डले
उहाँलाई गिज्याइरहेको छ
"नियमित औषधी सेवनले
मेरो रोग निको भयो ....
भैरव रिसाल, ८३ वर्ष पत्रकार
दीप श्रेष्ठ, गायक ...."
"डाक्टर साहेब हेर्नुसन
टि.भी.को औषधी सेवन गरेको पनि
धेरै दिन भइसक्यो बुबाको अवस्थामा
खासै सुधार देखिएन "
"पहिले पनि टि.भी. भएको थियो ?'
"छैन डाक्टर साहेब"
अनि बुबाको उमेर कति भयो त ?
"८२ वर्ष"
"ए ....८२ वर्ष ?"
(अर्को डाक्टर)
"लौन डाक्टर साहेब
बालाई सास फेर्न गाऱ्हो भयो
नियमित औषधी सेवनले
टि.भी.रोग निको हुनुपर्ने हैन भने ?"
"बुबाको उमेर कति भयो ?"
"८२ वर्ष"
ए .... ८२ वर्ष ?"
मान्छेहरु हेर्न आउँछन र सोध्छन
"बुबालाई के रोग लागेछ ?"
"टि.भी. "
"कति वर्ष भयो ?"
"८२ वर्ष"
"ए .... ८२ वर्ष ?"
.... विचरा
मैले आशा सांचेको
मेरो अनि देशको परिवर्तनमा हेर्न
अरु केही वर्ष ...... मेरो बा
स्वस्थ, फुर्तिलो, पातलो शरीर
"भगवान शरण" भन्दै
बालक, जवान, बृद्ध सबैसंग
मित लगाएर हिंडने
उहाँको विमारीसंगै
यस धरतिमा ....
हावामा ....
गुन्जित ध्वनि
बुद्धको सन्देशको
शान्तिको सन्देशको
केही मलिन हुँदो हो ?
मेरो बाको अनुपस्थितिमा
विष्णुदेवी, बालकुमारी, सिद्धिविनायक भजन मण्डलीको
हार्मोनियम, तबला र मण्डली सबै
दुःख मान्दो हो ?
मैले थाहा पाइकन
कहिल्यै (हस्पितलमा) थला नपरेको
न सुगर न अन्य रोग
टि.भी.को औषधी सेवन गरेको
दुई महिनापछि खकार पनि नेगेटिभ
खोइ ?
के दशा आइपरेछ आज
डाक्टर नर्स र हस्पितल
मेरो बाको उमेरदेखि
मेरो बादेखि
टाढा टाढा भाग्न खोजिरहेछ
छटपट गर्दै मेरो बा
हस्पितलको बेडमा स्लाइन-पानी
इन्जेक्सन र भेन्टिलेटरसंग
आफ्नो आयु साटिरहेछ
अपशोच
उमेर प्रकृति र मान्छेहरूबाट
तिरस्कृत मेरो बा,
"थाहा छ तपाईंलाई
मेरो बुबाको उमेर कति छ ?
८२ वर्ष
अब त म पहिलेजस्तो
रिसाउँदिन पनि, दिक्क मान्दिन पनि
कसैसंग .....
अब त मलाई चोट पनि
मिठो लाग्न थालेको छ
त्यसैले तपाई पनि निर्धक्कसंग
हेपेर/चेपेर थला परेको
मेरो बाको अवस्थाप्रति
प्रतिकृया जनाउन सक्नुहुन्छ "
ए .... ८२ वर्ष
(यो कविता रचेको केही दिन पछि लेखकको बुबा स्वर्गिय हुनुभयो।)

प्यारी साथीलाई गीति पत्र

नेपा:मि अर्जुन

तिमी त मेरो साथी हृदयको साथी
तिमी आफूलाई नठान फगत् नारी

ए साथी, प्यारी साथी मेरो मनको देवी,
तिमी त सिन्दुरले रंगिने
सिउँदो मात्र होइन होली
तिमी त मेरो निम्ति आदर्शको प्रतिमूर्ति
सधैंभरि कल्पिएर पुजिरहुँ जस्ति

तिमी ठान्छौ होला म पनि त पुरुषै हो
थाहा छैन मलाई पुरुषार्थ मैले देखाएको,
तृष्णा विहिन एक सबल मानव हुँ म
पुरुषत्वलाई चेतनले बसमा राख्ने हुँ म।

'यी फूलहरूलाई भन.'

प्रेमकृष्ण श्रेष्ठ

यी फूलहरूलाई भन मेरो नजरमा नफुल
यी हाँसोहरूलाई भन मेरो अधरमा नघुल
कहीँ म बाँच्न नखोजुँ, देखेर यिनलाई
बाँच्न खोजेर पनि कस्ले गर्छ र दया मलाई
जाग्न सकेन आँखा, सपना पर्खी लोलायो
सपनासँग यात्रा गर्दा नींदमा प्रीत पलायो
कस्ले दियो यो सपना , सातै रंगले रंगाई
यी सपनाहरूलाई भन मेरो नजरमा नखुल
यी हाँसोहरूलाई भन मेरो अधरमा नघुल
कहीँ म बाँच्न नखोजुँ, देखेर यिनलाई
बाँच्न खोजेर पनि कस्ले गर्छ र दया मलाई
कैले हुन्छ यो सास पराई, थाहा छैन
कुन भोलि निष्ठूर मलाई, थाहा छैन
किन मौन हुन्छ ढुकढुकी प्रीतको गीत गाई
यी गीतहरूलाई भन मेरो धड्कनमा नउर्ल
यी हाँसोहरूलाई भन मेरो अधरमा नघुल
कहीँ म बाँच्न नखोजुँ, देखेर यिनलाई
बाँच्न खोजेर पनि कस्ले गर्छ र दया मलाई।



बूगु नेपाल संवत् १०५६ चिल्लाथ्व ८
मदुगु नेपाल संवत् ११३२ पोहेलाथ्व १

बिचाः हायेका

संगीतकार ज्ञानेश्वर निभाः, नेवाः संचारकःमि ज्ञानकुमार महर्जन, ज्ञानप्रसाद महर्जन व कीर्तिपुर सन्देशया ग्वहालिमि ज्ञानुलाल महर्जनया अबुजु **ज्ञान बहादुर महर्जन** आकाभ्काकां मदुगुलिं मदुम्हसिया आत्माया चीर शान्तिया कामना यासें दुःखं कःपिं सकल छँजःपिन्सं मनचिना च्वने फयेमा धकाः विचा हायेका च्वना।

कीर्तिपुर सन्देशया ग्वहालिमि पाँगा ढोकासीया विकास महर्जनया ८२ दँ दुम्ह अबु **सप्तलाल महर्जन** मदुगुलिं दुःखंकःपिं छँजःपिन्त नुगः चिने फयेमाः धकाः बिचाः हायेका च्वना।

बूगु वि. सं. १९८६ माघ ८ गते
मदुगु २०६८ पुष १४ गते

कीर्तिपुर सन्देश परिवार निखासी टोल, कीपू -३